म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्कः- १५७ २०८३ वैशाख १७ गते बिहिबार 30 April 2026, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## प्रधामन्त्री शाह लुम्बिनी नजाने



काठमाडौं : प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) बुद्ध जयन्ती समारोहमा सहभागी हुन लुम्बिनी नजाने भएका छन् ।

यसअघि वैशाख १८ गते परेको २५७० औं बुद्ध जयन्ती समारोहमा प्रधानमन्त्री शाह उपस्थित हुने लुम्बिनी विकास कोषले जनाएको थियो । तर बुधबार प्रधानमन्त्रीको सचिवालयबाट विकास कोषका पदाधिकारीलाई टेलिफोन गरी बुद्ध जयन्तीमा उपस्थित नहुने जानकारी गराएको कोषका कार्यकारी सदस्य श्याम रोक्काले बताए ।

बुद्ध जयन्तीमा प्रमुख अतिथिका रूपमा सभामुख डोलप्रसाद अर्याल र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री गनेश पौडेल विशिष्ट अतिथिका रूपमा आउने आउने कार्यक्रम तय भएको रोक्काले बताए ।

### बागमती प्रदेशमा मन्त्रिपरिषद् पुनर्गठनको तयारी

# मन्त्रिपरिषद् पुनर्गठनबारे परामर्शमा छौं : मुख्यमन्त्री बानियाँ

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशमा मन्त्रालयको संख्या घटाउनेसँगै मन्त्रिपरिषद् पुनर्गठनको तयारी भइरहेको छ । प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनासहित मन्त्रिपरिषद्मा हेरफेर गर्ने तयारी गरेको हो ।

पुनर्गठनसँगै बागमती प्रदेशमा मन्त्रालयको संख्या घटाउने विषयमा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले छलफल थालेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार सरकारको कार्यसम्पादन लक्ष्य अनुरुप नतिजा प्राप्त हुन नसकेको र प्रशासनिक पुनर्संरचनालाई प्रभावकारी बनाउन मन्त्रिपरिषद् पुनर्गठनको तयारी भएको हो । सरकारले प्रशासनिक भार कम गर्न र कार्यसम्पादनलाई प्रभावकारी बनाउन मन्त्रालय तथा मन्त्रीको संख्या घटाउनुको साथै फेरबदलको तयारी गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक कर्मचारीले बताए । सरकारले मन्त्रालय घटाउने र मन्त्रिपरिषद् पुनर्गठन गर्ने कार्यलाई सँगसँगै अगाडि बढाउने योजना रहेको उनले बताए ।

मुख्यमन्त्री बानियाँले मन्त्रिपरिषद् पुनर्गठनको आन्तरिक तयारी भइरहेको बताए । उनका अनुसार पार्टी शिर्ष नेतृत्वसँगको छलफल र समन्वयमा निर्णय लिने उनले बताए । मन्त्रालयको संख्या घटबढ र पुनर्संरचनाको कामलाई समानान्तर रुपमा अघि बढाउने योजना रहेको उनको भनाई छ । यद्यपि, कुन-कुन मन्त्रालय गाभिने र कुन मन्त्री बाहिरिने भन्ने विषयमा अन्तिम निर्णय हुन बाँकी नै रहेकाले



मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ । फाइल तस्वीर ।

मन्त्रीहरुको विषयमा पनि छलफल भइरहेको उनले बताए ।

'अहिले ठ्याक्कै यसै गर्ने भन्ने तयारी भएको छैन । परामर्शमा छु । प्रशासनिक पुनर्संरचनासँगै मन्त्रीहरुको विषयमा पनि अघि बढ्ने भन्ने कुरामा चाहिँ जोड छ । चाँडै नै गर्ने भन्ने हो', मुख्यमन्त्री बानियाँले भने, 'मन्त्रीहरुको जिम्मेवारी हेरफेर र नयाँ नियुक्तिबारे निर्णय लिनुअघि सत्तारुढ दलको माथिल्लो तह (शीर्ष नेतृत्व) सँग छलफल गर्नेछु । एकपटक माथि कुरा गरेर टुंग्याएर अघि बढ्नु पर्ला ।' सरकारले प्रशासनिक पुनर्संरचना र मन्त्रिपरिषद् पुनर्गठनको तयारी थालेसँगै आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रियामा समेत प्रभाव देखिएको छ । प्रशासनिक पुनर्संरचना र मन्त्रिपरिषद् पुनर्गठनको काम नटुंगिदा आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि मन्त्रालयहरुलाई सिलिङ पठाइएको छैन ।

बजेट निर्माण कार्यतालिका अनुसार चैत अन्तिम साता भित्र बजेट सिलिङ उपलब्ध गराएर हाल योजना कार्यक्रम छनौट प्रक्रियामा सरकार अघि बढ्नु पर्ने हो । तर बैशाख १५ सकिएपनि आर्थिक मामिला तथा योजना मन्त्रालयले हालसम्म मन्त्रालयहरुलाई बजेट सिलिङ पाउन सकेको छैन । सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रशासनिक भार कम गर्न र चालू खर्च कटौती गर्न मन्त्रालयहरुको पुनर्संरचनाको प्रक्रियालाई अन्तिम चरणमा पु¥याएको बताए । पुनर्संरचनापछि प्रदेशको चालू खर्चमा करिब २० प्रतिशतले कमी आउने उनले बताए ।

मन्त्री तामाङका अनुसार प्रशासनिक पुनर्संरचनाका लागि गठित विज्ञ समिति र संसदीय समितिहरुको सुझाव प्राप्त भइसकेको छ । सोही सुझावका आधारमा केही दिनमा निर्देशक समितिको बैठक बसेर मन्त्रालयको संख्या र स्वरुपबारे ठोस निर्णय लिने उनले बताए । नयाँ संरचना अनुसार नै बजेट सिलिङ उपलब्ध गराउने सरकारको तयारी रहेको उनले बताए । नयाँ संरचनामा खर्चको मापदण्ड र हिसाबकिताबलाई वैज्ञानिक बनाइने उनको भनाइ छ । मन्त्रालयहरुको पुनर्संरचनाको काम जारी रहेकाले आगामी आर्थिक वर्षको बजेट सिलिङ मन्त्रालयहरूलाई प्रदान गर्न केही ढिलाइ भएको मन्त्री तामाङको भनाई छ । क्याबिनेटले पुनर्संरचनाको खाका पास गरेलगत्तै नयाँ संरचना अनुसार नै बजेट कोडिङ र सिलिङ उपलब्ध गराइने उनले बताए । यद्यपि, पुनर्संरचनाका कारण योजना छनौट प्रक्रिया भने प्रभावित नहुने उनले बताए । प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनाको काम एक साता हप्ताभित्र टुंग्याउने र आगामी नीति तथा कार्यक्रम र बजेट नयाँ संरचना अनुसार नै आउने उनले बताए ।

'हामीले पुनर्संरचना गरेपछि चालू तर्फको बजेटमा २० प्रतिशत जति घट्ने गरी खाका तयार गर्दैछौं । यसले कार्यालय सञ्चालन खर्च, कर्मचारीको तलब भत्ता, घर भाडा, इन्धन र मसलन्द जस्ता खर्चहरुमा उल्लेख्य कटौती हुनेछ', उनले भने, 'योजना छनौटको प्रक्रिया सुरु भइसकेको छ । आगामी २१ गतेभित्र सबै कार्यालयहरुलाई योजना प्रस्ताव गर्न सार्वजनिक सूचना जारी भइसकेको छ। बजेट निर्माणको कार्यतालिकामा कुनै प्रभाव पार्ने छैन ।' मन्त्री तामाङका अनुसार मन्त्रालयको संख्याका विषयमा विभिन्न सुझाव आए पनि सरकारले ८ वटा मन्त्रालय कायम गर्ने गरी छलफल अगाडि बढाएको छ । प्रदेशमा ९ वटा मन्त्रालयको प्रस्ताव गरेर सुझाव आएपनि सरकारले ८ वटा मात्रै बनाउने तयारी अनुसार छलफल गरिरहेका उनले बताए ।

### नयाँ शैक्षिक सत्रमा प्रधानाध्यापकको योजना

# प्राथमिक तहको सिकाइलाई ध्यान दिनुपर्छ : प्रधानाध्यापक गुरागाईं

नानीमाया सापकोटा

हेटौंडा : हेटौंडा बजारमै रहेको आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयलाई अधिकांश अभिभावकले निजी तथा संस्थागत विद्यालयको विकल्पको रुपमा अपेक्षा गर्ने गर्दछन् । त्यसैले प्रत्येक वर्ष एक हजार बढी विद्यार्थीहरुले आधुनिक राष्ट्रिय माविमा अध्ययन गर्नका लागि प्रवेश परीक्षाको फारम भर्ने गर्दछन् । प्रवेश परीक्षामा सहभागीमध्ये एक तिहाइभन्दा कम विद्यार्थीलाई मात्र विद्यालयले भर्ना गर्दछ ।

विद्यालयमा उपलब्ध स्रोत, साधन तथा जनशक्ति अनुरुप विद्यार्थी संख्या तोकेरमात्र भर्ना लिइने हुँदा भर्ना हुने विद्यार्थीको संख्या कम हुने विद्यालयका प्रधानाध्यपक रामसागर गुरागाईं बताउनुहुन्छ । निश्चित स्रोत साधन उपलब्ध भएकोले थप नयाँ विद्यार्थी संख्या तोक्न त्यस वर्ष विद्यालयबाट बाहिरिएका विद्यार्थी संख्या यकिन गर्नुपर्ने हुन्छ । यस वर्ष विद्यालयले एसईईपछि बाहिरिएका र प्राथमिक तहमा नयाँ भर्नालाई समेत विचार गरी ३ सय ५६ जना नयाँ विद्यार्थी राख्न सक्ने जानकारी दिएको छ ।

पछिल्लो समय मधेस प्रदेशको पर्सा, बारा, रौतहट, सर्लाही तथा महोत्तरी जिल्लाबाट आधुनिक राष्ट्रिय माविमा पठनपाठन गर्नकै लागि कतिपय अभिभावकहरु अस्थायी बसाइँ सर्ने गर्दछन् । हेटौंडाकै नगर क्षेत्रका पनि प्रायः सबै वडाहरुबाट विद्यार्थी पढ्न आउने गर्दछन् । अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा ३ हजार १ सय ७० विद्यार्थीहरु अध्ययन गरेका थिए । आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा बालकक्षा अर्थात् इसीडीदेखि कक्षा १२ सम्म पठनपाठन हुने गर्दछ । कक्षा ११ र १२ मा विज्ञान विषयको



प्रधानाध्यापक रामसागर गुरागाईं ।

पनि पढाइ हुँदै आएको छ । २०८० सालबाट सुरु गरिएको विज्ञान विषयको नतिजा पनि ८० प्रतिशतभन्दा बढी हुँदै आएको छ । विद्यालयमा आधारभूत (प्राथमिक) तहका शिक्षकहरु २१ जना, निमावि ८ जना, मावि ११ जना र उच्च माविमा २ जना गरी ४२ जनाको दरबन्दी रहेको छ । यस्तै, आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने गरी सबै तहमा ४४ जना शिक्षकहरु कार्यरत रहेको प्रधानाध्यापक गुरागाईंले जानकारी दिनुभयो ।

परीक्षाको नतिजामा यस विद्यालयमा अपवादमा कुनै कुनै वर्षबाहेक सधैं ९० प्रतिशतभन्दा बढी उत्तीर्ण हुँदै आएका छन् । यीमध्ये उत्कृष्ट जीपीए प्राप्त गर्नेको संख्या धेरै हुने गरेको छ । अघिल्लो वर्ष पनि माध्यमिक शिक्षा परीक्षा (एसईई) मा यस विद्यालयबाट ३ सय ९० जना परीक्षामा सामेल भएकोमा ५२ जनाले ३.६ भन्दा बढी जीपीए ल्याएका थिए । १ सय ५ जना विद्यार्थीहरुले ३.२ जीपीएभन्दा बढी ल्याएर ३ सय ८७ जना उत्तीर्ण भएका थिए । सो परीक्षामा ३ जना अनुत्तीर्ण भएका थिए ।

केही वर्षअघिको विद्यालयले शत्प्रतिशतसमेत विद्यार्थीहरु उत्तीर्ण भएको देखिन्छ । यस्तै कक्षा ८ को आधारभूत तह परीक्षामा यस विद्यालयबाट यसवर्ष २ सय ६१ जना विद्यार्थीहरु सहभागी भएकोमा २० जनाले ३.६ भन्दा बढी जीपीए ल्याएका थिए । ३.२ भन्दा बढी जीपीए ल्याउने विद्यार्थी १ सय १८ जना छन् । १४ जना अनुत्तीर्ण भई ग्रेडवृद्धि परीक्षामा सहभागी भएको उहाँले जानकारी दिनुभयो ।

विद्यालयले एसईईको नतिजाभन्दा पनि अबका दिनमा साना कक्षाबाट शैक्षिक गुणस्तर बढाउन केन्द्रित भएको प्रधानाध्यापक गुरागाईंको भनाइ छ । विद्यालयले पढाइमा कमजोर विद्यार्थीहरुलाई निःशुल्क अतिरिक्त कक्षा सञ्चालन गर्दै आएको छ । उहाँले नयाँ शैक्षिक सत्रका लागि गत चैत महिनामा नै विद्यालयको सर्वपक्षीय बैठक बसी नीतिगत निर्णय भइसकेको जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रत्येक कक्षाका संयोजक शिक्षक तथा विषयगत संयोजकसहित बैठक बसेर बैशाखको १० गते वार्षिक शिक्षण योजना, विद्यालयको शैक्षणिक योजना, वार्षिक कार्ययोजना अनुमोदन गरी अघि बढाइएको छ । यस्तै, विद्यालयका शिक्षकहरुलाई गत ९ गतेदेखि ३ दिने नेपाली, सामाजिक, गणित तथा विज्ञान विषयका विज्ञ शिक्षकहरुबाट सक्षमतामा आधारित, सिकाइ उपलब्धि वृद्धिमा आधारित, कक्षाकोठा क्रियाकलापमा आधारित र प्रश्नपत्रमा आधारित शिक्षकहरुलाई तालिम प्रदान गरिएकोसमेत उहाँले जानकारी दिनुभयो ।

पछिल्ला केही वर्ष विद्यालयको गुणस्तर तथा साखमा कमी आएको भन्ने नकारात्मक टिप्पणीहरु चलेकोप्रति प्रधानाध्यापक गुरागाईं असहमति जनाउनुहुन्छ । पछिल्लो समय तराइबाट आई पढ्ने विद्यार्थीहरु अभिभावकविहीन हुँदा अन्यत्र बरालिएर कक्षाकोठामा अनुपस्थित भएकोले बाहिर नकारात्मक चर्चा भएको भन्दै विद्यालयले नतिजामा कमी नल्याएको र अभिभावकलाई असल अभिभावकत्व बहन गर्न समन्वय गर्ने गरेको स्पष्ट पार्नुभएको छ । विद्यालयको शिक्षक, अभिभावकहरु तथा विद्यालय व्यवस्थापन समितिको समन्वय तथा अन्तरक्रिया सकारात्मक भएकोले यस्ता समस्या आगामी दिनमा नरहने अपेक्षा उहाँले व्यक्त गर्नुभएको छ ।

विद्यालय पछिल्लो वर्षबाट झनै परिस्कृत भएको र भविष्यमा बालबालिका कक्षाकोठामा अनुपस्थित रहन नदिन अभिभावकीय शिक्षासमेत कार्यक्रममा थप गरिएको प्रधानाध्यापक गुरागाईंले बताउनुभयो । उहाँ विद्यालयको गुणस्तरमा सुधार गर्न माथिल्ला कक्षाको नतिजामात्र नहेरी साना कक्षाहरुमा सिकाइ प्रक्रियामा सुधार गर्दै जानुपर्ने सुझाव दिनुहुन्छ ।

# बागमतीमा ६ दिनभित्र योजना पठाउनुपर्ने

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका लागि आयोजना छनोट गर्न प्रदेश सभा सदस्यहरुलाई योजना पठाउन सूचना जारी गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले वैशाख १५ गते पत्र लेख्दै बैशाख २१ गतेभित्रै योजनाको विवरण बुझाउन अल्टिमेटम दिएको हो ।

मन्त्रालयले प्रदेश सभाका सदस्यहरुलाई पत्राचार गर्दै ६ दिनको समयसीमाभित्र बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनोट सम्बन्धी निर्देशिका, २०८३ अनुसारका योजनाहरु माग गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङको निर्देशन अनुसार प्रमुख स्वकीय सचिव आशिष न्यौपानेले जारी गरेको पत्रमा ६ दिन भित्र योजना पठाउन प्रदेश सभा सदस्यहरुलाई आग्रह गरिएको हो ।

'आयोजना प्रस्ताव तथा छनोट सम्बन्धी निर्देशिकाको अनुसूची ३ बमोजिमको ढाँचामा २०८३ वैशाख २१ गते भित्र कार्यान्वयन इकाई/कार्यालयमा आयोजना विवरण उपलब्ध गराउनुहुन पत्राचार गरिन्छ ।' पत्रमा उल्लेख गरिएको छ ।

मन्त्रालयले स्रोत र साधनको सीमितता रहेको भन्दै उच्च प्रतिफल दिने र बहुसंख्यक नागरिक लाभान्वित हुने योजनालाई मात्र प्राथमिकता दिने जनाएको छ । प्रदेश सभा सदस्यहरुले तोकिएको ६ दिनभित्र योजना नबुझाए आगामी वर्षको बजेटमा उनीहरूका क्षेत्रका योजना नसमेटिने मन्त्रालयको भनाई छ ।

प्रदेश सभा सदस्यहरूले आफूले प्रस्ताव गरेका आयोजनाहरूको विवरण निर्देशिकाको अनुसूची ३ बमोजिमको ढाँचामा तयार पारी वैशाख २१ गतेभित्र सम्बन्धित कार्यान्वयन इकाई वा कार्यालयमा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ । मन्त्रालयले भने बजेट निर्माणको कार्यतालिका अनुसार समयमै योजना माग गर्दै आएको छ ।






## सम्पादकीय

# प्रशासनिक पुनर्संरचनामा ढिलाई

७ वटा मन्त्रालयबाट १४ वटा पुऱ्याइएको बागमती प्रदेशमा पुन: सातवटै मन्त्रालय कायम गर्न सुझाव दिइएको छ । बागमती प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनासँगै मन्त्रालयको संख्या कटौती गर्ने प्रक्रिया अन्तिम चरणमा पुऱ्याइरहँदा नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले साविकको ७ मन्त्रालयको मोडलमा अघि बढ्न सुझाव दिएको छ । नेकपा बागमती प्रदेशसभा संसदीय दलका नेता शालिकराम जम्कट्टेलले मन्त्रालय संख्या ७ वटामा सीमित गर्न मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई सुझावपत्र बुझाएका छन् । जम्कट्टेलले प्रशासनिक सुधारलाई प्रभावकारी, मितव्ययी र परिणाममुखी बनाउन सरकारसँग आग्रह गरेका छन् । सरकारले प्रशासनिक पुनर्संरचनाका लागि दुईवटा समिति बनाएकोमा पनि उनले असन्तुष्टि जनाएका छन् ।

बागमती प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनाका लागि प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसूदन पौडेलको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति गठन गरेको थियो । यस्तै, पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा विज्ञहरु सम्मिलित छुट्टै सुझाव समिति गठन गरेको थियो । एउटै उद्देश्यका लागि दुईवटा समिति बनाउनु भन्दा मन्त्रीको नेतृत्वमा विज्ञसहितको एउटै समिति गठन गरी अध्ययन गरेको भए उपयुक्त हुने जम्कट्टेलको सुझाव छ । विज्ञसहितको सुझाव समितिले प्रदेशमा ८ मन्त्रालय कायम गर्ने सुझावसहित प्रतिवेदन पेश गरेपछि मन्त्री नेतृत्वको टोलीले थप अध्ययन गरिरहेको छ । सरकारले रणनीतिक महत्वका मन्त्रालयहरु हटाउने र गाभ्ने तयारी गरेकोमा असन्तुष्टिसमेत जनाएको छ ।


२०७४ को निर्वाचनपछि पहिलो पटक प्रदेश सरकार बन्दा बागमतीमा ७ वटा मन्त्रालय थियो । तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले करिब साढे ३ वर्ष ७ वटै मन्त्रालयबाट प्रदेश सरकारको काम कारबाही सञ्चालन गरेका थिए । पौडेल मुख्यमन्त्रीमा हटेपछि बनेको सरकारले एउटा मन्त्रालय थप गरेर ८ वटा पुऱ्याएको थियो । त्यसपछि विभिन्न राजनीतिक दलहरुबिच गठनबन्धन गर्दै सरकार बनाउने क्रममा दलीय भागबण्डा मिलाउन र नेतालाई खुसी बनाउन मन्त्रालयको संख्या बढाउँदै लगिएको थियो । भएका मन्त्रालयलाई टुक्र्याउँदै र नयाँ शब्दावली जोड्दै मन्त्रालय बढाएर नेताको व्यवस्थापनमा केन्द्रित हुँदा प्रदेश सरकारले प्रभावकारी काम गर्न सकिरहेको छैन । वर्तमान मुख्यमन्त्री बानियाँले प्रदेश सरकारको नेतृत्व सम्हालेलगत्तै प्रदेशको मन्त्रालय संख्या घटाउने, अनावश्यक विभाग, आयोग, निकायहरु कटौती गरेर प्रशासनिक संरचना छरितो बनाउने भन्दै दुई समिति गठन गरेका थिए ।

प्रदेश सरकारले प्रशासनिक पुनर्संरचना गर्दै खर्च घटाउन र सरकारी सेवा प्रवाहलाई चुस्त बनाउन मुख्यमन्त्री बानियाँले देखाएको अग्रसरता प्रशंसनीय छ । तर, समिति गठन गरेको लामो समयसम्म पनि पुनर्संरचनाको काम टुङ्गो लगाउन नसक्दा प्रदेश सरकारले काममा गति दिन सकेको छैन । पुनर्संरचनाको विषय टुङ्गो नलाग्दा आगामी आर्थिक वर्षका लागि बजेटको तयारी गर्ने समय पनि घट्दै गइरहेको छ । प्रदेशसभाको सभामुख चयन गर्न नसकेर अलमल भइरहेको अवस्थामा प्रशासनिक पुनर्संरचनामा भइरहेको ढिलाइले प्रदेश सरकारको कामको गति र बजेट खर्चको अवस्था कमजोर बनिरहेको छ । सकेसम्म सबै पक्षको सहमतिमा पुनर्संरचना टुङ्गो लगाउन भइरहेको ढिलाइले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट पनि प्रभावित हुनसक्नेतर्फ प्रदेश सरकार गम्भिर बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : मौसम प्रतिकुल रहने देखिन्छ । |
| **वृष** | : अध्ययनमा रुचि बढ्ने छ । |
| **मिथुन** | : साथीभाइसँगको लेनदेनमा ध्यान दिनुपर्ने देखिन्छ। |
| **कर्कट** | : पठनपाठनमा सुधार गर्न एकाग्रता कायम गर्नुपर्ला । |
| **सिंह** | : पारिवारिक शान्ति र सहकार्यको वातावरण बन्ला। |
| **कन्या** | : छरछिमेकमा अनुकुल अवस्था नरहने देखिन्छ । |
| **तुला** | : व्यापार, व्यवसाय राम्रो हुने संकेत छ । |
| **वृश्चिक** | : स्वास्थ्यमा समस्या आउन सक्छ। खानपिनमा ध्यान दिनुपर्ला । |
| **धनु** | : पुराना वक्यौता असुलउपर हुने योग छ । |
| **मकर** | : प्रेम सम्बन्धमा विशेष ध्यान दिनुपर्ला। |
| **कुम्भ** | : अभिभावकको हेरचाहमा ध्यान दिँदा समय अनुकुल हुनेछ । |
| **मीन** | : लामो दूरीको यात्रा नगर्दा राम्रो हुनेछ। |

# कांग्रेसको रिटर्न टिकट




नेपाली कांग्रेस २.० अर्थात् विशेष महाधिवेशन अदालतबाट आधिकारिक ठहरिएसँगै पार्टी सभापति गगन थापा चुनावपश्चात् सम्भवत: पहिलो पटक दिलैदेखि खुस भएको हुनुपर्छ। यद्यपि पार्टी पुनर्जीवनका लागि उनका चुनौती सकिएका छैनन्, बरु थपिएका छन् ।

चुनौती दलभित्र र बाहिर बग्रेल्ती छन् । आन्तरिक चुनौतीका चर्चा गर्दा, सर्वप्रथम पार्टी पुनर्जीवनका लागि कुन मार्ग अपनाउने भन्ने नै हुनेछ। यसक्रममा पार्टी नेतृत्वका रूपमा गगनले पार्टी संगठन, 'कोर सर्कल' र आफैंसँग लड्नुपर्नेछ। रूपान्तरण र पुस्तान्तरणका भाषण धेरैले गर्दै आए। यसमा विशेष महाधिवेशन पक्षधर ज्यादा थिए । अब जनस्तरमा महसुस हुनेगरी काम गर्नुपर्नेछ। यसनिम्ति गगनसँग कसैलाई बाधक देखाउने सुविधा छैन ।

निर्वाचनबाट मूर्छित कांग्रेस ब्युँताउनुपर्नेछ। गगनको नेतृत्वमा सञ्जीवनी खोज्न सकिन्छ कि सकिँदैन ? निर्मम परीक्षा यही हुनेछ। पुनर्जीवनका लागि पार्टी संगठन र गगन स्वयंभित्र ठूलो द्वन्द्व चर्किएको हुनुपर्छ: पार्टी सुधार गर्ने कि पुनर्संरचना ? एउटा ठोस निष्कर्षमा पुगेर सिंगो पार्टीलाई हिंडाउन सक्नु सानो सकस हुनेछैन । नेतृत्वले दह्रो अठोट र कतिपय अलोकप्रिय निर्णय लिनुपर्ने हुन्छ। परिवार, सचिवालय, शुभचिन्तकका मत एवं सांगठनिक ब्यागेज पनि उतार्नुपर्ने हुन्छ।

सुधारको मार्ग तुलनात्मक रूपमा सहज छ। यो 'अकमोडेटिभ' रास्ता हो, जसमा विगतका कमजोरी केलाउँदै, गुट-उपगुट भत्काउने, गच्छेअनुसार पद तथा जिम्मेवारी भागशान्ति गर्ने, अनि पार्टी एकताको सन्देश फैलाउने ! यो 'लोकप्रिय एवं सर्वहिताय !' पनि सुनिन्छ। सुधारवादी मार्गबाट कांग्रेस बढीमा कार्यकर्ताको पार्टी बन्न सक्छ, तर आमजनतामाझ भरपर्दो राजनीतिक शक्तिका रूपमा पुनरागमन गर्न सक्छ कि सक्तैन ? अहम् प्रश्न यही हो ।

गगनले सम्भवत: आफैंलाई यो प्रश्न कैयौं चोटि गरेको हुनुपर्छ। किनकि, कांग्रेसको समस्या केवल चुनावी जित/हार मात्र होइन, सांगठनिक अस्वीकार्यता (गुटतन्त्र), वैचारिक विचलन एवं जनविश्वासको संकट पनि हो । तसर्थ, कांग्रेस पुनरागमनका लागि एकता, गुट व्यवस्थापन एवं शृंगारिक परिवर्तन पर्याप्त छैन । यसका निम्ति सांगठनिक पुनर्संरचना, वैचारिक स्पष्टता र व्यावहारिक रूपान्तरण सहितको 'सिस्टेमिक ओभर हल' जरूरी छ ।

इतिहास हेर्ने हो भने, नेपाली कांग्रेस सांगठनिक रूपमा विरलै देखिन्छ। पछिल्ला तीन दशकयता यो पार्टीभन्दा गुटहरूको महासंघका रूपमा बदनाम थियो । २०८२ पुसमा विशेष महाधिवेशनमार्फत सभापति शेरबहादुर देउवा हटाइएपछि कांग्रेसी गुटतन्त्र केन्द्रदेखि गाउँसम्मै फैलियो । चुनावपूर्व देउवाको सिंगापुर गमनबाटै यसको स्पष्ट छनक मिल्थ्यो, जसको पटाक्षेप मत परिणाममा स्पष्टै देखियो ।

अदालतको आदेशसँगै पार्टी एकताका नाममा सबैलाई समेट्नुपर्ने माग जोडदार रूपमा उठ्न थालेको छ । सबैलाई समेट्न सक्नु निकै राम्रो हो । यसले कार्यकर्ता पंक्ति तथा शुभेच्छुकहरूमा एक खालको तरंग ल्याउँछ। तर, सबैलाई समेट्ने नाउँमा 'ताक परे तिवारी, नत्र गोतामे' मार्काका नेता-कार्यकर्ताका शर्त र बोझ शिरोपर गरेर पार्टी पुनर्जागृत गर्न सकिन्छ या सकिन्न ? प्रत्येक कांग्रेसजनले सोच्नुपर्छ। एकता तथा भागबण्डाका नाममा गुटमिलान हुने तर मनमिलान हुन नसक्ने विगतका अनुभवबाट पाठ सिक्न सक्नुपर्छ। यसर्थ, नेतृत्वले सांगठनिक स्वार्थका लागि सर्वप्रिय सुनिनेभन्दा अलोकप्रिय लाग्ने निर्णय लिन आँट पनि गर्नुपर्छ । पार्टी अनुशासन कायम राख्न र गुटतन्त्र विरुद्ध निर्मम बन्नैपर्छ ।

जनताले जबसम्म कांग्रेस रूपान्तरण भएको विश्वास गर्न सक्तैनन्, भागबण्डाको राजनीति र आन्तरिक एकताको सन्देशले मात्र कांग्रेसको साख फर्काउन सक्तैन। पार्टीको सिद्धान्त, नीति, कार्यक्रम अनि नेता-कार्यकर्ताका व्यवहार जनता, विशेषगरी युवा पुस्तासँग जोडिन सक्दा मात्र कांग्रेस बौरिन सक्ने हो। यसो भन्दै गर्दा 'पपुलिष्ट' कांग्रेसको कल्पना गरिएको ठानिएला । खासमा गगनहरूले गोता खाएको 'लोकप्रिय' र 'एकमोडेटिभ' हुन खोजेर पनि हो ।

१४औं महाधिवेशनबाट महामन्त्री चयन भएसँगै गगन तथा विश्वप्रकाशहरू पार्टी र सत्ताप्रति 'एकमोडेटिभ' सुनिए । अर्थात्, युवा नेताद्वय, ९० रन पुगेपछि सेञ्चुरी बनाउन पिच धसार्दै गरेका ब्याट्सम्यान जस्ता देखिए । पदीय जिम्मेवारी एवं नमिठो नबोली नेतृत्वमा स्थापित हुने चाहनाले पनि हुनसक्छ, गगन स्वयं अपवाद बाहेक पार्टी नेतृत्व, सरकार एवं सत्ता साझेदारहरू प्रति उनको छवि र स्वभावभन्दा नरम सुनिन्थे। पुष्पा फिल्मका 'सिक्वेल' हेर्दै हुर्केबडेका जेन-जी पुस्ताले सम्भवत: उनमा 'दबंग'पन देखेन, जसको विकल्पमा बालेन र रविहरू रोजिए ।

सवाल गगन गलत या बालेन सही भन्ने होइन। बरु, जनताले आश गरेका कांग्रेसका युवा नेताबाट जनआवाज कति सशक्त ढंगले मुखरित भयो भन्ने हो । पर्दापछाडि प्रयास भए होलान्, तर राजनीति निकै हदसम्म सार्वजनिक धारणा र छवि (पर्सेप्सन एण्ड अप्टिक्स)मा चल्छ । उदाहरणका लागि, कांग्रेसका (एमाले एवं पूर्वमाओवादी पनि) लाखौं कार्यकर्ता, दर्जनौं पेशागत संस्था, जनवर्गीय एवं विद्यार्थी संगठन थिए । तिनले स्वास्थ्य, शिक्षा, रोजगारी, महँगी र सुशासन जस्ता जनसरोकारका अजेन्डा मुखरित गर्नै सकेनन्। त्यस्ता संगठनहरू दलहरूप्रति शुभेच्छुक रहँदा समस्या थिएन, तर ती 'सबअर्डिनेट' बनिदिए। दलीय संरचना अजंगका भए, तर जनसम्पर्क, संवाद र विश्वास भने टुट्दै गयो। तसर्थ, पुराना दलहरूप्रति वितृष्णा यति चुलियो, जुन रास्वपा उदयका निम्ति सबैभन्दा ठूलो पूँजी बन्न पुग्यो ।

यो विस्मयबाट सबक नसिकी कांग्रेसको 'रिटर्न टिकट' सम्भव छैन। यद्यपि चुनौती आन्तरिक मात्र छैनन्। बाह्य चुनौतीका पहाड पनि उत्तिकै छन् । त्यसमध्ये एउटा हो, आउँदो स्थानीय निर्वाचनमा पार्टी धरासायी हुनबाट कसरी जोगाउने ? हाल नेपाली कांग्रेस तीन प्रदेश र ३२९ पालिका सहित कुल ३३२ स्थानीय सरकारको नेतृत्वमा छ। तिनको डेलिभरी र कार्यशैलीमा उल्लेख्य सुधार नगर्दासम्म कांग्रेसले जनमत जोगाउन सक्तैन ।

अबको स्थानीय चुनाव किन पनि चुनौतीपूर्ण हुनेछ भने, त्यसभन्दा अघि कांग्रेसको नियमित महाधिवेशन हुँदैछ । सम्भवत: महाधिवेशन सर्वसम्मत नहोला । पराजित पक्ष जतिबेला पनि बाउँठिने कांग्रेसको दीर्घरोग नै हो । एकातिर पार्टीभित्रको पुराना 'ब्यागेज' छाड्दै पार्टी पुनर्संरचना गर्नुपर्नेछ, अर्कोतिर एकताको सन्देश छर्नुपर्नेछ । यी दुवै काम विरोधाभासपूर्ण पहेली हुन्। यस्तो जटिल पहेली कुशलतापूर्वक सुल्झाई पार्टीलाई सग्लो, सशक्त र प्रभावकारी बनाउन सजिलो छैन । कांग्रेसका लागि अर्को चुनौती हो, 'सेन्टर-टु-राइट' झुकाव सहित रास्वपाको उदय र कांग्रेस पृष्ठभूमिका धेरै नेता-कार्यकर्ताको उक्त पार्टीमा प्रवेश । सरकार गठनलगत्तै दुई मन्त्रीका विवादास्पद बहिर्गमनपश्चात् बालेन सरकार केही रक्षात्मक देखिन्छ, तर यत्तिकैमा उसको आयु वा रास्वपाको सांगठनिक भविष्यमाथि टिप्पणी गर्नु हतार हुनेछ ।

रास्वपाले पाँच वर्ष पूरै स्थिर सरकार दियो, न्यूनतम जनअपेक्षा बमोजिम सुशासन, डेलिभरी र रोजगारी सुनिश्चित गर्न सक्यो भने, कांग्रेसका निम्ति सांगठनिक मात्र होइन, वैचारिक चुनौती पनि थपिनेछ। दक्षिणपन्थी प्रियतावादी विश्वव्यापी बहावका बीच बालेन र रास्वपाले लामो पारी खेले भने कांग्रेसको उदारवादी लोकतान्त्रिक धरातल 'रिडिफाइन' तथा 'रिएडजस्ट' गर्नुपर्ने हुन्छ। लामो इतिहास र विरासत बोकेको कांग्रेस जस्तो राजनीतिक शक्तिका निम्ति उक्त कदम जोखिमरहित हुनेछैन ।

### कांग्रेस कमब्याकको मार्ग

राजनीति भविष्यवाणी निरर्थक चिन्तन हो। यद्यपि गगन थापाले आउँदो महाधिवेशनबाट नेतृत्वमा निरन्तरता पाउने हो भने अर्को संसदीय निर्वाचनसम्म सम्भवत: उनी नै सभापति हुनेछन् । त्यसबखत, कांग्रेस प्रमुख राजनीतिक शक्तिका रूपमा 'कमब्याक' गर्न सफल भयो भने जनविश्वास र सहानुभूति बढ्नेछ। गगन यसमा चुके भने उनको राजनीतिक क्षमता र भविष्यमाथि गम्भीर प्रश्न उठ्नेछ। कांग्रेस जस्तो पार्टी तीन-तीन चुनावमा कमजोर भए पार्टी नेतृत्वकै विकल्प खोज्नुको विकल्प हुँदैन ।

तसर्थ, सम्भावित परिदृश्य आकलन गर्दै 'इफ-बट' केही नभनी उनले पार्टी पुनर्निर्माण र पुनर्संरचनामा अहिल्यैदेखि लाग्नुपर्छ । यावत् चुनौतीका बाबजुद कांग्रेस र गगनका निम्ति शुक्लपक्ष नभएका होइनन् । वास्तवमा कांग्रेसले फागुन २१ को चुनाव मूलत: गगनका कारण हारेको थिएन । त्यो कांग्रेस मात्रको हार पनि थिएन। बरु, त्यो सम्पूर्ण पुराना राजनीतिक शक्ति र तिनका नेतृत्व, कार्यशैली, व्यवहार अनि नागरिकलाई 'टेकन-फर-ग्रान्टेड' लिने शैलीप्रति एक किसिमको 'ब्यालेट-विद्रोह' थियो । बालेन-सम्मोहनले त्यसमा अवश्य ऊर्जा थपेको थियो ।

तैपनि चुनावले कांग्रेस र गगनको निर्मम परीक्षा लियो । गगनले नवयुवाको विद्रोहलाई आत्मसात् गर्दै पार्टी रूपान्तरण गर्ने प्रयत्न गरे । तर अग्रजका 'ब्यागेज'को बोझ, भदौ २३ र २४ को रापताप, राजनीतिक विकल्पमा उर्लिएको आँधी एवं सीमित समयका कारण नेपाली कांग्रेस र उनी स्वयं चुनावमा पराजित भए । निर्वाचनको नतिजाबाट व्यक्तिगत एवं सांगठनिक हार भए पनि गगनले समेत उठाउँदै आएको पुस्तान्तरणको मुद्दाले भने जितेको छ, भलै यसका च्याम्पियन बालेन र रास्वपा बन्न पुगे । कांग्रेसीजनका लागि यो परिस्थिति अप्रिय भए पनि सच्चा लोकतन्त्रवादीका लागि भने आफैंमा आश्चर्य लाग्नुपर्ने विषय होइन ।

दोस्रो, खेलमा जस्तै लोकतन्त्रमा हारजित सामान्य हो। लोकतन्त्रमा उसै प्रतिपक्षी दललाई 'वेटिंग' सरकार मानिन्छ। शर्त के मात्र हो भने, प्रतिपक्षीले जनताका आवाज सशक्त ढंगले मुखरित गर्न सक्छ कि सक्तैन भन्ने हो। सत्तासँग अक्सर विवेक कम, तुजुक ज्यादा हुन्छ । अल्थुजरको शब्द सापटी लिने हो भने सत्ताको चरित्र नै स्वभावत: 'रिप्रेसिभ' वा दमनकारी हुन्छ। सँगसँगै सत्ता नागरिकका प्रश्न र वितृष्णाहरूबाट हरक्षण रक्षात्मक बनिरहेको हुन्छ ।

आज पनि एउटा ठूलो तप्का बालेन सरकार र रास्वपाप्रति 'कसियस' देखिन्छ, पूरै भर गर्न सकेको देखिन्न । कतिपयलाई सरकारको दिशा र गति चित्त नबुझेको हुन सक्छ। यसमा कैयौं घन्टीकै मतदाता होलान् । यस्ता समूहलाई 'साइलेन्ट मिडल'का रूपमा लिन सकिन्छ । शक्तिशाली सरकारका कारण आमसञ्चारमाध्यम, नागरिक समाज, विभिन्न पेशा-व्यवसायी एवं बौद्धिकवृत्त पनि आफ्ना विचार अभिव्यक्त गर्न धकाउन सक्छन्। यस्तो परिस्थितिमा प्रमुख प्रतिपक्षी दलका रूपमा कांग्रेसले 'साइलेन्ट मिडल'को आवाज बनेर जनविश्वास फर्काउन सक्छ ।

नेपालमा कुनै पनि ठूलो दलले लगातार जनमत दोहोऱ्याउन सकेको इतिहास छैन। यसको मुख्य कारण डेलिभरीमा चुक्नु वा जनअपेक्षा पूरा गर्न नसक्नु नै हो । त्यसर्थ, हामीकहाँ प्रतिपक्षमा रहनु नै एउटा जबरदस्त चुनावी अजेन्डा हुने गरेको छ, र 'एन्टीइन्कम्बेन्सी' लाभ प्रतिपक्षीलाई हुने गरेको छ। यसो भन्दैमा, कांग्रेसले आफ्नो राजनीतिक पुनरागमनको आधार सरकारको असफलतामा खोज्नुहुँदैन। बरु, पार्टीको सांगठनिक, वैचारिक एवं व्यावहारिक रूपान्तरणमा खोज्नुपर्छ। किनकि, सरकारको असफलतामा कांग्रेसको 'कमब्याक' निश्चित छैन। अर्को कुनै नयाँ शक्तिको उदय पनि हुनसक्छ, जसरी रास्वपाको भयो । बरु, कांग्रेसले सरकारका राम्रा प्रयासमा साथ-सहयोग दिँदै, कमजोरीप्रति कठोर प्रश्न गर्दै, पार्टी पुनर्संरचना गर्न सक्दा उसको पुनरागमन सम्भव देखिन्छ ।

शर्त यत्ति हो, यसका लागि वैचारिक ढुलमुलबाट पार्टीलाई मुक्त गर्दै उदार लोकतन्त्र, सुशासन र सामाजिक न्यायसहितको स्पष्ट फ्रेमबाट अघि बढ्नु उपर्युक्त हुन्छ । जनता-केन्द्रित र भविष्यप्रतिको आशावादी राजनीतिमार्फत जनविश्वास आर्जन गर्न सक्नुपर्छ । गाउँदेखि केन्द्रसम्म संवाद, सहकार्य र मुद्दामा आधारित बहस अघि बढाउन सकिन्छ ।

कांग्रेसले नागरिकसँग जोडिन, साक्षात्कार र संवाद गर्न डिजिटल मञ्चहरूमा फड्किनै पर्छ । गगनहरूको पुस्ताको उदय नेपालमा पत्रकपत्रिका, रेडियो र टेलिभिजनको लोकप्रियतासँगै भयो । तसर्थ, तिनमा त्यस्ता परम्परागत माध्यमप्रति प्रेम र भरोसा हुनु स्वाभाविक हो। तर, जनसाधारण स्वयं डिजिटल प्ल्याटफर्ममा स्थानान्तरण गरिसके । कांग्रेसले जनसम्पर्क र संवादका लागि परम्परागत तौरतरिका 'फेजआउट' नगर्ने हो भने डिजिटल प्ल्याटफर्मले कांग्रेसलाई 'फेजआउट' गर्नेछ ।

निष्कर्षमा, कांग्रेसको रिटर्न टिकटका लागि 'कांग्रेसलाई किन फेरि भरोसा गर्ने ?' भन्ने प्रश्नको ठोस जवाफ आमजनता समक्ष पुऱ्याउन सक्नुपर्छ। मूलमन्त्र आलोचनाको राजनीति होइन, जनतामुखी, समाधानमुखी एवं आशावादी राजनीति हुनु जरूरी छ । यसका लागि सन् १९९० मो दशकमा अमेरिकामा बिल क्लिन्टनको 'थर्ड वे' नारासहित डेमोक्र्याटिक पार्टी, बेलायतमा 'न्यू लेवर' को अभियान सहित टोनी ब्लेयर नेतृत्वमा लेबर पार्टी, अनि क्यानडामा सन् २०१० दशकको मध्यतिर 'सनि वेज' नाममा आशावादी राजनीति सहित लिबरल पार्टीको 'बाउन्सब्याक'को इतिहास केलाउँदा हुन्छ। ती राजनीतिक नेताका विजयका कथा मात्र होइनन्, राजनीतिक पुनरागमनका सशक्त दस्तावेज हुन् ।

*(त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक पाण्डे पत्रकारिता, सञ्चार, प्रविधि र प्रजातन्त्रसम्बन्धी अनुसन्धाता हुन् ।) स्रोत : अनलाइनखबर ।*

# राष्ट्रिय पुस्तक नीतिको अपरिहार्यता

**नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न पुस्तक नीति आवश्यक छ । आजकल 'डिजिटल' माध्यमको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चिन्ता छ । नेपालका लागि अत्यावश्यक राष्ट्रिय पुस्तक नीति बनाउने प्रक्रियाको सुरुआत २०६५ सालबाट भएको थियो तर विभिन्न अवरोध र चुनौतीको कारण त्यो समयमा काम अघि बढ्न सकेन ।**



महेन्द्रप्रकाश सिवाकोटी

पुस्तक कुनै पनि राष्ट्रको बौद्धिक, शैक्षिक, सांस्कृतिक र सामाजिक विकासको आधार हो । ज्ञान, सूचना, अनुसन्धान, सिर्जना र सभ्यताको संरक्षणमा पुस्तकको महत्वपूर्ण भूमिका हुन्छ । नेपालमा पुस्तक क्षेत्र अझै व्यवस्थित हुन सकेको छैन । लेखकका हकअधिकार, प्रकाशनको गुणस्तर, वितरण प्रणाली, पुस्तकालयको अवस्था तथा पाठक विस्तारका क्षेत्रमा चुनौती छन् । पुस्तक क्षेत्रलाई व्यवस्थित, समृद्ध र प्रभावकारी बनाउन पुस्तक नीतिको आवश्यकता पर्दछ। पुस्तक नीतिले पुस्तक लेखन, प्रकाशन, वितरण, अध्ययन संस्कृतिको विकास तथा पुस्तकालय व्यवस्थापनका लागि राज्यले तय गर्ने स्पष्ट योजना र मार्गदर्शनलाई बुझाउँछ। नेपाल जस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा नेपाली भाषासँगै मातृभाषाका पुस्तक प्रकाशनलाई प्रोत्साहन दिन पनि पुस्तक नीति आवश्यक छ। यसले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुको साथै लोपोन्मुख भाषा र संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँछ ।

हरेक वर्ष अप्रिल २३ मा मनाइने विश्व पुस्तक दिवसले पनि विश्वभर पुस्तकको महत्व उजागर गर्न, पढ्ने बानीको विकास गर्न र लेखक तथा साहित्यकारलाई सम्मान गर्न खोजेको छ । सन् १९९५ मा युनेस्कोले यो दिवसको घोषणा गरेसँगै विश्वमा पुस्तक ज्ञानको प्रमुख स्रोत हो, यसले सोच्ने क्षमता र सिर्जनशीलता बढाउँछ एवं संस्कार, शिक्षा र सभ्यताको विकासमा पुस्तकको ठूलो भूमिका हुन्छ भन्ने तथ्यलाई आत्मसात् गरेको छ । नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न पुस्तक नीति आवश्यक छ । आजकल 'डिजिटल' माध्यमको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चिन्ता छ ।

नेपालका लागि अत्यावश्यक राष्ट्रिय पुस्तक नीति बनाउने प्रक्रियाको सुरुआत २०६५ सालबाट भएको थियो तर विभिन्न अवरोध र चुनौतीको कारण त्यो समयमा काम अघि बढ्न सकेन । २०६९ सालमा पुन: राष्ट्रिय पुस्तक नीति मस्यौदा कार्यदल गठन गरेर यस विषयमा थप गम्भीरता अपनाइएको थियो। त्यो कार्यदलले राष्ट्रिय पुस्तक नीति २०६९ को मस्यौदा तयार गरी तत्कालीन शिक्षामन्त्रीलाई बुझाएको थियो, जसमा पुस्तक–हरूको गुणस्तर, वितरण, पहुँच र अन्य महत्वपूर्ण पक्षहरूलाई ध्यानमा राखिएको थियो। यसले नेपालको शिक्षा क्षेत्रको सुधार र पुस्तक बजारको व्यवस्थित विकासका लागि एउटा मजबुत आधार तयार गर्न प्रयास गरिरहेको थियो । तर, उक्त नीति पनि विभिन्न कारणहरूले गर्दा जारी हुन सकेन ।

नीति बनाउनकै लागि, तेस्रो पटक, २०७२ फागुन ३० गते तत्कालीन शिक्षामन्त्रीको अध्यक्षतामा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल गठन गरियो। यो कार्यदलले काम गरिरहेको अवस्थामा पुस्तक माफियाहरूको कारण कार्यदललाई काम गर्न दिइएन । *स्रोत : सौर्यअनलाइन ।*

# आन्तरिक राजश्व कार्यालय हेटौँडामा राजश्व संकलनमा वृद्धि




समाज संवाददाता

हेटौंडा : आन्तरिक राजश्व कार्यालय हेटौंडामा राजश्व संकलनमा वृद्धि भएको छ। अघिल्लो वर्ष चैत्रसम्मको राजश्वको तुलनामा यस वर्षको चैत्रसम्मको राजश्व बढी संकलन गरेको हो।

कार्यालयले २०८१ चैत्र महिनामा कुल लक्ष्यको ७० प्रतिशत अर्थात ८८ करोड रुपैयाँ राजश्व संकलन गर्ने लक्ष्य राखिएकोमा ६२ करोड मात्र संकलन गर्न सकेको थियो। २०८२ चैत्र महिनामा लक्ष्यको ९७ प्रतिशत अर्थात ७८ करोड लक्ष्य राखिएकोमा ७५ करोड रुपैयाँ राजश्व संकलन भएको आन्तरिक राजश्व कार्यालय हेटौंडाले जनाएको छ। यस्तै अघिल्लो आर्थिक वर्षको ९ महिना अर्थात साउनदेखि चैत्रसम्ममा पनि लक्ष्यको ८० प्रतिशत राजश्व संकलन भएको मा यस वर्ष ८४ प्रतिशत राजश्व संकलन भएको कार्यालयका प्रमुख करअधिकृत युक्तप्रसाद सुवेदीले जानकारी दिनुभएको छ।

आर्थिक वर्ष २०८१/८२ को चैत्रसम्म ६ अर्ब ४ करोड राजश्व संकलन गर्ने लक्ष्यमा ४ अर्ब ८७ करोड रुपैयाँ राजश्व असुली भएकोमा चालु आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्ममा ६ अर्ब राजश्व संकलन गर्ने लक्ष्य राखिएकोमा ५ अर्ब १२ करोड रुपैयाँ राजश्व असुली भएको उहाँले जानकारी दिनुभयो। अघिल्लो वर्षमा भन्दा मूल्य अभिवृद्धि करमा समेत वृद्धि भएको छ। अघिल्लो वर्ष लक्ष्यको ६६ प्रतिशत मात्र मूल्य अभिवृद्धि कर (भ्याट) असुली भएकोमा यस वर्षको चैत्रसम्ममा ८७ प्रतिशत असुली भएको समेत कार्यालयले जनाएको छ। यस्तै आयकर पनि अघिल्लो वर्ष ७४ प्रतिशत रहेकोमा यस वर्ष ७८ प्रतिशत संकलन भएको छ।

# कक्षा १२ को आंशिक परीक्षामा ४३ जना अनुपस्थित

समाज संवाददाता

हेटौँडा : कक्षा १२ को वार्षिक परीक्षाअन्तर्गत बुधबार आंशिकतर्फको परीक्षामा मकवानपुरमा ४३ जना अनुपस्थित भएका छन्। बुधबार आंशिकतर्फ अनिवार्य अङ्ग्रेजी विषयको परीक्षामा ५ सय १० जना उपस्थित हुँदा ४३ जना अनुपस्थित भएका हुन्।

राष्ट्रिय परीक्षा बोर्डको हेटौँडास्थित कार्यालयका अनुसार बुधबार भएको परीक्षामा २ सय ३३ जना केटा र २ सय ७७ जना केटी उपस्थित हुँदा १७ जना केटा र २६ जना केटी अनुपस्थित भएका हुन्। यसअघि नियमिततर्फ दोस्रो दिन मंगलबारको परीक्षामा जिल्लामा ५७ जना अनुपस्थित भएका थिए। मंगलबार साधारणतर्फ अनिवार्य नेपाली र प्राविधिक धारतर्फ भएको सामाजिक अध्ययन विषयको परीक्षामा जिल्लामा ३ हजार ९ सय ४६ जना उपस्थित हुँदा ५७ जना अनुपस्थित भएका थिए। दोस्रो दिनको परीक्षामा २ हजार ६६ जना केटा र १ हजार ८८० जना केटी उपस्थित हुँदा ३४ जना केटा र २३ जना केटी अनुपस्थित भएका थिए।

मकवानपुर जिल्लामा १५ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ। मकवानपुरबाट कक्षा-१२ को परीक्षामा सहभागी हुन ५ हजार २६९ जना विद्यार्थीले फारम भरेका छन्। नियमिततर्फ ३ हजार ८२२ र आंशिकतर्फ १ हजार ४४७ जनाले परीक्षा फारम भरेका छन्। परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म भइरहेको छ। सोमबारदेखि सुरु भएको परीक्षा बैशाख २७ गतेसम्म चल्नेछ।

## क्लासिक टेकको अफर

# इन्टरनेट टिभी ३ वर्ष निःशुल्क

समाज संवाददाता

हेटौंडा : इन्टरनेट सेवा प्रदायक कम्पनी क्लासिक टेकले ग्राहकहरुका लागि नयाँ अफर सार्वजनिक गरेको छ। एक वर्षका लागि इन्टरनेट र टिभी जोड्दा ४ वर्षसम्म चलाउन पाइने कम्पनीले नयाँ अफर ल्याएको हो।

कम्पनिका अनुसार ग्राहकहरूले ३०० एमबिपीएसको इन्टरनेट र आइपी टिभी जडानमा ४ वर्षसम्म आइपी टिभी सेवाका साथै वाइफाई सिक्स राउटर पनि निःशुल्क पाउने छन्। प्रतिदिनको मात्र रु ४० को दरले यो अफरमा वार्षिक जडान गर्न सकिन कम्पनिले जनाएको छ।

यसैगरी प्रतिमहिना ५०० रुपैयाँ पर्न आउने एचडि तथा एसडि प्रिमियम टिभी च्यानलमा पनि कम्पनिले अफर ल्याएको छ। जस अनुसार प्रतिमहिना मात्र २०३ रुपैयाँ शुल्क रहेको छ। यसबाट कुल ३ वर्ष टिभी बोनसमा ग्राहकलाई ७ हजार ३ सय २२ फाइदा हुने कम्पनीले जनाएको छ। ग्राहकको तिव्र आवश्यकतालाई मध्यनजर गरी १ वर्ष इन्टरनेट तथा आइपी टिभी जडानमा ३ बर्षे निशुल्क आइपी टिभी सेवा अफर सार्वजनिक गरेको कम्पनीको भनाइ छ।

दर्ता नं. २/१४५(१३१)०५६/०५७ पान नं. ३०१४९८२१ बचत गरौं ,ढुक्कले बाचौं

बचत गरौं ढुक्कले बाचौं
हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.
Hetauda Saving & Credit Co-Operative Ltd

## ध्यानाकर्षण सम्बन्धमा

श्री सम्पुर्ण शेयर सदस्य ज्युहरु

श्री शेयर सदस्यज्युहरु मुलतः ग्रामीण परिवेशमा रहेका ससाना पुँजीलाई संकलन गरी सदस्यहरुको आर्थिक, सामाजिक रुपान्तरणसहित सुविधा सम्पन्न वित्तीय संस्थाको रुपमा विकास गर्ने परिकल्पनासहित २०५६ सालमा स्थापित यस संस्था हाल मकवानपुर जिल्लाकै वित्तीय कारोबारतर्फ अग्रणी सहकारी संस्थाको रुपमा रहेको सम्पूर्ण शेयर सदस्यज्युहरुलाई जानकारी गराउन पाउँदा हामी गौरवान्वित छौं। तर विगत केहि दिनदेखि सामाजिक सञ्जालहरुमा यस संस्थाको विषयमा भ्रामक टिकाटिप्पणी तथा कपोकल्पित सूचनाहरु लगातार प्रकाशन भैरहेकोमा यस हेटौँडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको गम्भीर ध्यानाकर्षण भएको छ। यी र यस्ता प्रकृतिका भ्रामक सूचनाको पछाडि नलाग्न हामी सम्पूर्ण शेयर सदस्यज्युहरु, सहकारीकर्मी तथा सम्पूर्ण सरोकार वाला निकायहरुलाई अनुरोध गर्दछौं। २६ वर्षे लामो ईतिहास बोकेको यस संस्थामा व्यक्तिगत कुराले आन्तरिक गतिविधिमा विगतमा पनि कुनै प्रभाव नपरेको र भविष्यमा पनि कुनै प्रभाव नपर्ने व्यहोरा सम्पूर्ण शेयर सदस्यज्युहरुमा जानकारी गराउँदछौं।

Gmail : cleanhetauda@gmail.com
हेटौंडा उपमहानगरपालिका,०७ नागस्वती मकवानपुर
फोन नं. ०५७-५३०५३६,०५७-५३०५३६

# डिजिटल पत्रकारिता तथा पत्रकारितामा एआईको प्रयोगबारे पत्रकारलाई क्षमता अभिवृद्धि

समाज संवाददाता

हेटौँडा : मकवानपुरका पत्रकारका लागि डिजिटल पत्रकारिता तथा पत्रकारितामा कृत्रिम बुद्धिमता (एआई) को प्रयोगबारे क्षमता अभिवृद्धि कार्यक्रम सुरु भएको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेशको आयोजना तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश र नेपाल पत्रकार महासंघ मकवानपुरको सहकार्यमा बुधबारबाट मकवानपुरको पर्यटकीय क्षेत्र इन्द्रसरोवर गाउँपालिकाको कुलेखानीमा कार्यक्रम भएको हो।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारु मगरको अध्यक्षता तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेशका मन्त्री शिवराज अधिकारीको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो। कार्यक्रममा मन्त्री अधिकारीले पत्रकारिता क्षेत्र विकासका लागि मन्त्रालयले सदैव साथ दिने प्रतिबद्धता व्यक्त गरे। पछिल्लो समय सूचना प्रविधिको विकाससँगै पत्रकारिताको शैलीमा पनि परिवर्तन भइरहेकाले त्यसलाई आत्मसात गर्दै अघि बढ्न उनले तालिमका सहभागी पत्रकारहरुलाई सुझाव दिए। 'अहिलेको समय एआईको हो, यसलाई सदुपयोग गर्दै आफूलाई सक्रिय राख्नुहोस्।' मन्त्री अधिकारीले भने। उनले लामो संघर्षबाट प्राप्त लोकतन्त्र सदैव बचाइराख्न आवश्यक रहेको भन्दै उनले सबै क्षेत्रमा यसमा लागिपर्नुपर्ने बताए। मुलुक लोकतान्त्रिक प्रणालीबाट अगाडि बढिरहेकाले जुन पार्टीको सरकार आएपनि लोकतन्त्रिक पद्दति नै प्रतिफल भएको बताए।

पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष सारुले प्रतिपक्षीको भूमिकामा मिडिया हुनुपर्ने बताए। 'आजको परिस्थिति र परिवर्तन सूचना प्राविधिको कारणले भएको हो', सारुले भने, 'यो कन्टेन क्रियटरको युग हो, हामीले गर्ने पत्रकारिताको मोडल परिवर्तन हुनुपर्छ।' पछिल्लो समय सरकारी विज्ञापनमा बिचौलियामुक्त गरी अनियमितता नियन्त्रण गर्ने सरकारी प्रयास राम्रो भएपनि विज्ञापन वितरणमा सरकारी र निजी मिडियामा विभेद हुन नहुने उनले बताए। बिहिबारसम्म सञ्चालन हुने कार्यक्रममा शिव पुरी र अजय शर्माले सहजीकरण गर्नुहुनेछ।

# प्रदेश प्रहरी कार्यालयमा निःशुल्क स्वास्थ्य शिविर



*शिविरमा प्रहरी कर्मचारी परिवारका सदस्य एक बालकको स्वास्थ्य जाँच गरिँदै।*

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। बुधबार प्रदेश कार्यालयको आयोजना तथा बागमती प्रदेश प्रहरी अस्पतालको समन्वयमा कार्यालय परिसरमा निःशुल्क स्वास्थ्य शिविर भएको हो।

शिविरमा बालस्वास्थ्य विशेषज्ञ, स्त्री स्वास्थ्य विशेषज्ञ र जनरल फिजिसियनद्वारा स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरिएको थियो। शिविरमा प्रदेश प्रहरी कार्यालय लगायत मातहतका कार्यालयमा कार्यरत प्रहरी कर्मचारीहरू, पूर्वप्रहरी कर्मचारीहरू र प्रहरी कर्मचारीका परिवारका सदस्य समेत गरी १ सय ८४ जनाले सेवा प्राप्त गरेका छन्।

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बाँझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




Contact : 9807171993/9741681458 TCN Road-10

नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति २०८३/०१/१७ गते बिहिबारको समृद्ध समाज राष्ट्रिय दैनिक)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले विभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाबिष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय हेटौंडा, मकवानपुरमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/२८ गते बिहिबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय हेटौंडा, मकवानपुरमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले विना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१ ऋणी :** नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०५/२८ मा दर्ता नं २४१५५३/०७७/०७८ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, ललितपुर २ बाट मिति २०७७/०६/०६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९७९३२०८ को प्रमाणपत्र प्राप्त **ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि.**। **रजिष्टर्ड ठेगाना** : ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ५, हात्तिवन। | **संचालक तथा जमानतकर्ता : निलाम्बर सापकोटा** (ना.प्र.नं. ३११०२३/६३२३४, जारी मिति २०६६/०५/०९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)। ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. ६। बाबु : हरि प्रसाद सापकोटा। बाजे : यदु नन्दन सापकोटा। |
| **संचालक तथा जमानतकर्ता : सरोज गौतम** (ना.प्र.नं. ३११०२३/६३३७९,, जारी मिति २०६६/०५/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर) स्थाई ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं ६। बाबु : होमनाथ गौतम। बाजे : नरहरी गौतम। | **जमानतकर्ता : श्रद्धा लामिछाने** (ना.प्र.नं. ३१-०१-७२-०९२७४, जारी मिति २०७२/११/१७, जिल्ला प्रशासन कार्यालय मकवानपुर।) स्थाई ठेगाना : मकवानपुर जिल्ला शिखरपुर गा.वि.स. वडा नं. ६ । हाल ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ०६ । बाबु : मुकुन्द प्रसाद लामिछाने। पति/ससुरा : निलाम्बर सापकोटा /हरि प्रसाद सापकोटा। |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि.को नाममा मालपोत कार्यालय लगनखेल ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला लामाटार गा.बि.स. वडा नं. ४, नक्सा सिट नं.४, कित्ता नं. ३३३८, ३३२७, ३३३२, ३३४०, ३३२९,, ३३३४, ३३३६ र ३३४२ क्षेत्रफल क्रमशः ०-५-१-३, ०-५-३-२, ०-६-१-१, ०-४-२-२, ०-३-०-०, ०-४-३-०, ०-३-२-३ र ०-३-१-० (रोपनी) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ...१

२. श्रद्धा लामिछाने को नाममा मालपोत कार्यालय हेटौंडा मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ४, नक्सा सिट नं. ४, कित्ता नं. ५४२४ र ८६४८, क्षेत्रफल ०-०-१५-० र ०-०-५-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ......१

३. ऋणी **ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ......१

**नोट :** धितो बापत यस बैंकको नाममा रहेको निम्नानुसारको सवारी साधन यस बैकलाई बुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**सवारी साधनको विवरण :**

१. धनी प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय साना ठुला सवारी, बागमती प्रदेश ललितपुरमा दर्ता भएको, ईन्जिन नं. 4SPCR10PZX623347 र च्यासिस नं. MAT464608LSR11431 बनाउने कम्पनी TATA कम्पनीको सवारी नं. BP 03 001 CHA 0763 को पिकअप भ्यान ......१

२. धनी प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, बागमती प्रदेश मकवानपुरमा दर्ता भएको, ईन्जिन नं. 02L63847740 र च्यासिस नं. MAT448137L3R13895 बनाउने कम्पनी TATA कम्पनीको सवारी नं. BP 03 001 KA 0467 को भाडा टिपर............१

३. धनी प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, बागमती प्रदेश मकवानपुरमा दर्ता भएको, ईन्जिन नं. 02L63847245 र च्यासिस नं. MAT448137L3R13343 बनाउने कम्पनी TATA कम्पनीको सवारी नं. BP 03 001 KA 0468 को भाडा टिपर............१

४. धनी प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, बागमती प्रदेश मकवानपुरमा दर्ता भएको, ईन्जिन नं. 02M63849101 र च्यासिस नं. MAT448137L3R14055 बनाउने कम्पनी त्ब्त्ब कम्पनीको सवारी नं. BP 03 001 KA 0470 को भाडा टिपर ............१

५. धनी प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, बागमती प्रदेश मकवानपुरमा दर्ता भएको, ईन्जिन नं. 02M63849189 र च्यासिस नं. MAT448137L3R14515 बनाउने कम्पनी TATA कम्पनीको सवारी नं. BP 03 001 KA 0471 को भाडा टिपर ............१

६. धनी प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, बागमती प्रदेश मकवानपुरमा दर्ता भएको, ईन्जिन नं. 02M63848799 र च्यासिस नं. MAT448137L3R13875 बनाउने कम्पनी TATA कम्पनीको सवारी नं. BP 03 001 KA 0500 को भाडा टिपर ............१

७. धनी प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, बागमती प्रदेश मकवानपुरमा दर्ता भएको, ईन्जिन नं. 02M63849059 र च्यासिस नं. MAT448137L3R14156 बनाउने कम्पनी TATA कम्पनीको सवारी नं. BP 03 001 KA 0501 को भाडा टिपर ............१

८. धनी प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, बागमती प्रदेश मकवानपुरमा दर्ता भएको, ईन्जिन नं. LMHZ417394 र च्यासिस नं. MB1HTLFCXLIMJ1332 बनाउने कम्पनी Ashok Leyland कम्पनीको सवारी नं. BP 03 001 KA 0536 को भाडा टिपर ............१

९. धनी प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी ग्लोबल वल्ड इन्फ्रास्ट्रक्चर्स प्रा.लि. भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, बागमती प्रदेश मकवानपुरमा दर्ता भएको, ईन्जिन नं. LMHZ417407 र च्यासिस नं. MB1HTLFC7LRMJ1692 बनाउने कम्पनी Ashok Leyland कम्पनीको सवारी नं. BP 03 001 KA 0540 को भाडा टिपर ............१

| | |
|---|---|
| **२ ऋणी : श्रद्धा लामिछाने** (ना.प्र.नं. ३१-०१-७२-०९२७४, जारी मिति २०७२/११/१७, जिल्ला प्रशासन कार्यालय मकवानपुर।) स्थाई ठेगाना : मकवानपुर जिल्ला शिखरपुर गा.बि.स. वडा नं. ६। हाल ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ०६। बाबु : मुकुन्द प्रसाद लामिछाने। पति/ससुरा : निलाम्बर सापकोटा/हरि प्रसाद सापकोटा। | **जमानतकर्ता: निलाम्वर सापकोटा** (ना.प्र.नं. ३११०२३/६३२३४, जारी मिति २०६६/०५/०९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)। ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. ६। बाबु : हरि प्रसाद सापकोटा। बाजे : यदु नन्दन सापकोटा। |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. श्रद्धा लामिछानेको नाममा मालपोत कार्यालय हेटौंडा मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ४, नक्सा सिट नं. ४, कित्ता नं. ५४२४ र ८६४८, क्षेत्रफल ०-०-१५-० र ०-०-५-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ......१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट** समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३ लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभाग र **शाखा कार्यालय हेटौंडा, मकवानपुरमा** सम्पर्क राख्न सकिनेछ।

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

# राक्सिराङका ९ विद्यालयमा महिला प्रधानाध्यापक

सुमिना चौलागाई

हेटौंडा : मकवानपुरको राक्सिराङ गाउँपालिकाका ९ वटा विद्यालयमा महिला प्रधानाध्यापक कार्यरत छन् । पालिकामा रहेका ५० वटा सामुदायिक विद्यालयमध्ये ३ वटा मावि, ६ वटा आधारभूत विद्यालयमा महिला प्रधानाध्यापक रहेको गाउँपालिकाका शिक्षा शाखा प्रमुख पंकस थारुले जानकारी दिनुभयो ।

राक्सिराङ गाउँपालिकामा ५ वटा माध्यमिक विद्यालय छन् । राक्सिराङ गाउँपालिका-३ स्थित सूर्योदय माध्यमिक विद्यालयमा लिला तितुङ, राक्सिराङ गाउँपालिका-५, चैनपुरस्थित प्रजा जागृति माध्यमिक विद्यालयमा शर्मिला पौडेल र राक्सिराङ गाउँपालिका-६, सिलिङ्गेस्थित राष्ट्रिय माध्यमिक विद्यालयमा लालमाया प्रजा प्रधानाध्यापक हुनुहुन्छ । सूर्योदय माविको प्रधानाध्यापक लिला तितुङ बैशाख पहिलो साता प्रधानाध्यापक नियुक्त हुनुभएको हो भने शर्मिला पौडेलले २०८२ सालबाट र लालमाया प्रजाले २०८० सालबाट प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नुभएको हो ।

यस्तै राक्सिराङ-१ स्थित आधारभूत विद्यालयमा लक्ष्मी थिङ, बालजागृति प्राथमिक विद्यालयमा रत्ना उप्रेती, राक्सिराङ-५ स्थित नवजीवन प्राथमिक विद्यालयमा तुलसी बर्तौला, राक्सिराङ-६ स्थित जनसेवा प्राथमिक विद्यालयमा सविता भट्ट, राक्सिराङ-७ स्थित सातकन्या प्राथमिक विद्यालयमा अनुराधा चौधरी र प्राथमिक विद्यालय सिमलटारमा मिठु लामिछाने रहनुभएको छ ।

सूर्योदय माविमा हालै प्रधानाध्यापक नियुक्त हुनुभएकी लिला तितुङ निमावि अंग्रेजी विषय शिक्षक हुनुहुन्छ । तितुङ विद्यालयका सहकर्मी शिक्षक, व्यवस्थापन समिति, अभिभावक, सरोकारवालाको प्रस्तावमा प्रधानाध्यापक बन्नुभएको हो । राक्सिराङ गाउँपालिका-४ की स्थायीवासी तितुङ १५ वर्षदेखि शिक्षण पेशामा आवद्ध हुनु भए पनि शिक्षक सेवा आयोगले २०७९ सालमा लिएको परीक्षामा उत्तीर्ण भई स्थायी शिक्षकको रुपमा नियुक्ति पाउनुभएको हो ।

सूर्योदय माविकी नवनियुक्त प्रधानाध्यापक तितुङले विद्यालयको समग्र विकासका लागि आवश्यक काम गर्न आर्थिक स्रोतको अभाव




प्रमुख समस्याको रुपमा रहेको बताउनुभयो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ६ सय विद्यार्थी अध्ययनरत छन् । विद्यालयको समग्र विकासका लागि आवश्यक स्रोत सुनिश्चित गर्न गत शनिबार सर्वपक्षीय भेला समेत गरिएको प्रधानाध्यापक तितुङले स्पष्ट पार्नुभयो । केही महिनाअघि मात्रै पूर्वविद्यार्थीहरु संगठित भएको र पूर्वविद्यार्थीबाट पनि विद्यालयको समग्र विकासमा आवश्यक साथ, सहयोग लिइने उहाँको भनाइ छ ।

राक्सिराङ गाउँपालिका-५ मा रहेको प्रजा जागृति माध्यमिक विद्यालयकी प्रधानाध्यापक शर्मिला पौडेल एक वर्षदेखि प्रधानाध्यापकको जिम्मेवारी निभाउँदै आउनुभएको छ । सात वर्षदेखि सोही विद्यालयमा अध्यापन गराउँदै आउनुभएकी शर्मिला गतवर्ष जेठबाट प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नुभएको थियो । विगत १७ वर्षदेखि शिक्षण पेशामा आबद्ध उहाँ शिक्षण पेशाको सुरुवात संस्थागत विद्यालयबाट गर्नुभएको थियो । उहाँले केही समय संस्थागत विद्यालयमा अध्यापन गराए पश्चात राक्सिराङ गाउँपालिकाको एक प्राथमिक विद्यालयमा काम गर्नुभएको थियो । उहाँका अनुसार महिला प्रधानाध्यापक हुँदा आफूसँग भएको नेतृत्व क्षमता देखाउन गाह्रो, सबैलाई समेट्न, नीति नियम व्यवस्थापन, विभेदका समस्या, शिक्षक विद्यार्थी बीचको अनुशासन कायम गर्न सहज छैन । महिला भएकै कारण आफूसँग भएको क्षमता देखाउँदा पनि विभेदको समस्या झेल्नु परेको उहाँको भनाइ छ । विगत दुई वर्षदेखि मावि तहको कक्षा सञ्चालन भएको विद्यालयमा प्रावि र निमावि तहका शिक्षकहरूले मावि तहमा अध्ययन गराउँदै आउनुभएको छ । २०८१ सालमा २९ जना विद्यार्थीले एसइइ परीक्षामा विद्यालय निलमा गएको थियो । २०८२ सालमा विद्यालयबाट १९ जना विद्यार्थीले परीक्षा फारम भरे पनि १६ जना विद्यार्थीले परीक्षा दिएको उहाँको भनाइ छ ।

विद्यालयमा साढे २ देखि ३ घण्टा हिँडेर विद्यार्थीहरू आउने गरेका छन् । वर्षाको समयमा विद्यार्थीलाई विद्यालय आउन अझै गाह्रो हुने गरेको छ । विद्यालय भर्ना भएपनि विद्यार्थीहरू नियमित विद्यालय नआउने र बीचमै छाडेर जाने भएकाले विद्यार्थी संख्या कम हुने गरेको छ । भौगोलिक विकटताका कारण विद्यार्थी संख्या वर्षेनी घट्दै जाने गरेको उहाँको भनाइ छ । विद्यालयमा विद्यालय भवन, छात्रावास र शिक्षक दरबन्दी कम रहेको उहाँले बताउनुभएको छ । यस वर्ष पालिकाभित्र रहेको एक विद्यालयको तह घटुवा भएका कारण दुईवटा दरबन्दीका शिक्षकहरू विद्यालयमा थप भएको उहाँले बताउनुभयो । आगामी दिनमा १ देखि ३ सम्म ग्रेड टिचिङ गराउने, शिक्षा गुणस्तर वृद्धि गर्ने, अभिभावक, विद्यालय व्यवस्थापन समिति, पालिका र वडासँग समन्वय गरेर अगाडि बढ्ने उहाँले बताउनुभयो । १५ गतेसम्म यस वर्ष इसिडिदेखि कक्षा १० सम्म ५० जन विद्यार्थी भर्ना भएका छन् । अभिभावकको कमजोर उपस्थितिले पनि विद्यार्थीहरूले पठनपाठनमा चासो नदेखाउने गरेको उहाँले बताउनुभएको छ ।

राष्ट्रिय माविकी प्रधानाध्यापक लालमायाले सिमान्तकृत आदिवासीको हिसाबले भएका कारण जातीय विभेद पर्ने गरेको बताउनुहुन्छ । प्रधानाध्यापकको जिम्मेवारी २०८० साल असार १८ गतेबाट प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नु भएकी लालमायाले महिला र चेपाङ समुदायको भएको कारण हेर्ने दृष्टिकोण फरक भएको बताउनुहुन्छ । विद्यालयमा भवन, फर्निचर र आर्थिक स्रोत जुटाउन समस्या परेको बताउनुहुन्छ । विद्यालयमा मावि शिक्षक दरबन्दी नभएका कारण पठनपाठनमा समस्या भएको उहाँको भनाई छ । विद्यालयमा मावि तहमा २ जना अनुदान र २ जना निजी स्रोतबाट शिक्षक राखेर पठनपाठन गराइएको छ ।

२०८२ सालको एसईईमा २७ जना सहभागी भएका छन् भने २०८१ सालको वार्षिक परीक्षामा ७१ जना सहभागी भएकोमा ३ जना ग्रेडेड भएका थिए । विद्यालयमा हाल विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी, शिक्षकका लागि पर्याप्त तालिम, व्यवस्थापनमा कठिनाई भएको उहाँको भनाइ छ । विद्यालयमा आवासीय सुविधासहित पठनपाठन भइरहेको छ । टाढाबाट अध्ययन गर्न जानेहरुलाई बस्ने व्यवस्था रहेको छ । गत वर्ष ४ सय जना विद्यार्थी रहेकोमा ७५ जनाले आवासीय सुविधा लिएका थिए । १२ कक्षासम्म पठनपाठन गराउन अनुमती भएको विद्यालयका विद्यार्थी अभावका कारण १० कक्षासम्म मात्रै संचालन गरिएको छ । सोहि वडामा कुनै पनि मावि विद्यालय नभएका कारण र आफ्नो विद्यालयमा एसईई दिने विद्यार्थी कम भएका कारण ११ र १२ बन्द गर्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ ।

पछिल्लो समय गाउँ तथा दुर्गम क्षेत्रका विद्यालयहरूमा विद्यार्थी संख्या लगातार घट्दै गएका कारण विद्यालय व्यवस्थापनमा नयाँ चुनौती देखिन थालेको छ । यस अवस्थालाई ध्यानमा राख्दै सम्बन्धित निकायहरूले विद्यालय मर्ज गर्ने, बन्द गर्ने वा तह घटाउने गरेको पाइन्छ । बसाइँसराइ, जन्मदरमा कमी र निजी विद्यालयतर्फ आकर्षण बढ्नुका कारण सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घटिरहेको छ । धेरै विद्यालयमा कक्षामा विद्यार्थी अत्यन्त न्यून भएपछि एकै शिक्षकले धेरै कक्षा सम्हाल्नुपर्ने अवस्थासमेत रहेको उहाँको भनाइ छ । विशेषगरी दुर्गम क्षेत्रमा विद्यालय टाढा हुँदा विद्यार्थीहरु नियमित उपस्थिति नहुने समस्या पनि छ ।

# अन्जिता मृत फेला

समाज संवाददाता

हेटौंडा : सिन्धुपाल्चोक जिल्लाको मेलम्ची गाउँपालिका-११, बेलिब्रिजस्थित इन्द्रावती खोलामा पौडी खेल्ने क्रममा बगाउँदा बेपत्ता भएकी बालिका मृत फेला परेकी छन् । मृत फेला पर्नेमा पाँचपोखरी थाङपाल गाउँपालिका-६ की १४ वर्षीया अन्जिता जोती रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार दिउँसो ४ बजेर २० मिनेटको समयमा बेलिब्रिज क्षेत्रमा पौडी खेल्ने क्रममा खोलाले बगाएर अन्जिता र मेलम्ची नगरपालिका-९ की १८ वर्षीया निर्जला गिरी बालिका बेपत्ता भएकी थिइन् । बालिकाहरुलाई खोजी गर्दै जाँदा सोमबार साँझ ५ बजेको समयमा घटनास्थलबाट एक किलोमिटर तल निर्जला मृत अवस्थामा फेला परेकी थिइन् भने अन्जिता मंगलबार दिउँसो २ बजेर ४५ मिनेटको समयमा घटनास्थलबाट ३ सय मिटर तल मृत अवस्थामा फेला परेकी प्रहरीले जनाएको छ । प्रहरीका अनुसार मुचुल्का पश्चात शव पोस्टमार्टमका लागि मेलम्ची नगर अस्पतालमा लगिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ६३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# चेपाङ बाहुल्य क्षेत्रमा झारालाङ र रोराङ गाउँपालिका बनाउन माग



*मुख्यमन्त्री बानियाँलाई ज्ञापनपत्रमा उल्लेखित व्यहोरा पढेर सुनाउँदै नेपाल चेपाङ संघका अध्यक्ष गोविन्दराम चेपाङ ।*

समाज संवाददाता

हेटौंडा : चेपाङ बाहुल्य क्षेत्रका वडाहरु समेटेर झारालाङ र रोराङ गाउँपालिका बनाउन माग गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई ज्ञापनपत्र बुझाइएको छ । चेपाङ समुदायको पहिचान संरक्षण हुनेगरी धादिङ र चितवनका क्षेत्रहरुलाई समेटर २ स्थानीय तह पुनर्संरचना गर्नुपर्ने मागसहित नेपाल चेपाङ संघ केन्द्रीय कार्यकारिणी समितिले मुख्यमन्त्री बानियाँलाई बुधबार ज्ञापनपत्र बुझाएको हो ।

हेटौंडास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा संघका प्रतिनिधिहरुले चेपाङ बसोबास रहेका क्षेत्रलाई समेटेर झारालाङ र रोराङ गाउँपालिका बनाउन माग गरेका हुन् । उनीहरुले चेपाङ भाषाको संरक्षणमा समेत सहयोग पुग्ने भएकाले झारालाङ र रोराङ गाउँपालिका नामाकरण गरेर सोही अनुसार पुनर्संरचना गर्न माग गरेका हुन् । संघका केन्द्रीय अध्यक्ष गोविन्दराम चेपाङ, महासचिव सन्तबहादुर चेपाङसहितको टोलीले मुख्यमन्त्री बानियाँलाई ज्ञापन पत्रमार्फत चेपाङ बाहुल्य रहेको चितवन, धादिङ र मकवानपुर जिल्लाका वडाहरु समेटेर छुट्टै स्थानीय तह गठन गर्न प्रस्ताव गरेका हुन् । प्रस्तावअनुसार चितवनको इच्छाकामना गाउँपालिकाको वडा नम्बर-१ र २, कालिका नगरपालिकाका वडा नम्बर -१० र ११ तथा राप्ती नगर पालिकाका वडा नम्बर १०, ११, १२ र १३ लाई समेटेर झोरालाङ गाउँपालिका बनाउन माग गरिएको छ ।

त्यस्तै, धादिङको बेनीघाट र ोराङ गाउँपालिका-१, २, ६, ८, ९ र १० तथा गजुरी गाउँपालिकाका वडा नम्बर ३ र ४ लाई समेटेर र ोराङ गाउँपालिका बनाउन संघले आग्रह गरेको छ । मकवानपुरको र ाक्सिराङ गाउँपालिका अन्य गाउँपालिका वा नगरपालिकामा गाभिने अवस्था आएमा हालको चेपाङ भाषामा रहेको नाम यथावत राख्नुपर्ने माग पनि गरिएको छ । यसका साथै नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा (५) बमोजिम चेपाङ समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक संरक्षणका लागि चितवन, मकवानपुर, धादिङ र गोरखा जिल्लाका चेपाङ बाहुल्य क्षेत्रमा चेपाङ संरक्षित क्षेत्र घोषणा गर्नुपर्ने माग गरिएको छ ।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले चेपाङ समुदायको विशेष पर्वका अवसरमा सार्वजनिक बिदा दिँदै आएको स्मरण गराउँदै स्थानीय तहसँग समन्वय गरेर समुदायको हितमा प्रदेश सरकारले आवश्यक काम गर्ने बताए । २०७८ सालको जनगणनाअनुसार नेपालमा चेपाङ समुदायको कुल जनसंख्या ८४ हजार ३ सय ६४ र हेको छ । यसमध्ये करिब ८० प्रतिशत बागमती प्रदेशमा बसोबास गर्छन् । मकवानपुर जिल्लामा १९ हजार २३३ जना चेपाङको बसोबास रहेको तथ्यांक छ ।

# दुर्घटनामा एकको मृत्यु

समाज संवाददाता

हेटौंडा : मेलम्ची-जिरो किलो सडकखण्डस्थित सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-१३ सिम्लेमा ट्रिपर र मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु भएको छ ।

मंगलबार साँझ ५ बजेर ३० मिनेटको समयमा सिपाघाटबाट मेलम्चीतर्फ जाँदै गरेको बा प्र ०१-००४ क ६५०६ नम्बरको ट्रिपर र विपरित दिशाबाट जाँदै गरेको बा ३८ प २०१६ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकलको पछाडि सवार इन्द्रावती गाउँपालिका-१२ का ४० वर्षीय कुमार दनुवार गम्भीर घाइते भएका थिए । उनलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि धुलिखेल अस्पताल लगिएको थियो । उपचारको क्रममा राती ९ बजेको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

ट्रिपर चालक नुवाकोट जिल्लाको ककनी गाउँपालिका-१ का २६ वर्षीय ज्ञानबहादुर पुतवार र मोटरसाइकल चालक मेलम्ची नगरपालिका-११ का ३३ वर्षीय मानबहादुर दनुवारलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## सूचना । सूचना ।। सूचना ।।।

जिल्ला छनौटका लागि खेलाडी दर्ता फारम भर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको पत्र संख्या ०८२/०८३ चलानी नं. ५५१ मिति २०८२/१२/०८ गते पत्रानुसार मिति २०८३ जेष्ठ २४ गतेदेखि ३० गतेसम्म संचालन हुने तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा सहभागी हुने तपसिलका १४ खेल महिला/पुरुष खेलाडीहरु मकवानपुर जिल्लास्तरीय खेलाडी छनौटका लागि मिति २०८३ साल जेष्ठ २ गतेभित्र खेलाडी दर्ता फारम भर्न सम्बन्धित सबैमा जानकारीका लागि सुचित गरिन्छ ।

**तपशिल :**
**जिल्लामा छनोट हुने खेलहरू**

| क.सं. | खेल |
|---|---|
| १. | आईटी एफ तेक्वान्डो |
| २. | एथ्लेटिक्स |
| ३. | उसु |
| ४. | भलिबल |
| ५. | टेबल टेनिस |
| ६. | व्याटमिन्टन |
| ७. | फुलकन्ट्याक्ट कराँते |
| ८. | बक्सिङ |
| ९. | तेक्वान्दो |
| १०. | कराँते |
| ११. | बुद्धिचाल |
| १२. | फुटबल |
| १३. | क्रिकेट |
| १४. | जुडो |

सम्पर्क : ०५७–५२४६८५, ९८४५०३६०९१, ९८५५०८९७८९

मकवानपुर जिल्ला खेलकुद विकास समिति
हेटौंडा, मकवानपुर

# प्रहरीको स्वीप अपरेशन
# १८९ जना पक्राउ

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश प्रहरी कार्यालयले सञ्चालन गरेको स्वीप अपरेशन अन्तर्गत एक हप्तामा १ सय ८९ जना पक्राउ परेका छन् ।

बैशाख ६ गतेदेखि १३ गतेसम्म सञ्चालन गरिएको स्वीप अपरेशनमा मादक पदार्थ सेवन गरी हो-हल्ला गर्ने, लागुऔषध बिक्री वितरण तथा सेवन गर्ने तथा सरकारी कार्यालयमा सेवा प्रवाहमा असर पुऱ्याउने विचौलियाहरुलाई पक्राउ गरिएको प्रदेश प्रहरीले जानकारी दिएको छ ।

सो अवधिमा स्वीप अपरेशन अन्तर्गत १ सय ६९ जना पक्राउ परेका छन् भने विभिन्न कार्यालयबाट २० जना विचौलिया पक्राउ परेका छन् । स्वीप अपरेशनतर्फ पक्राउ परेकाहरु मध्ये १५१ जनालाई छानविन पश्चात छोडिएको र १८ जना विरुद्ध मुद्दा दर्ता गरिएको छ । यसैगरी विचौलियाहरुमध्ये पनि १८ जनालाई छानविन पश्चात छोडिएको छ भने २ जना विरुद्ध मुद्दा दर्ता गरेको प्रहरीले जनाएको छ ।

## सूचना, सूचना, सूचना

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्गिलस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इङ्गिलस बोर्डिङ स्कुल
हेटौंडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६६४५२, ९८५५०६६५६३

## वन डँढेलो नियन्त्रण सम्बन्धी सूचना

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ। तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश, नेपाल
हेटौंडा, मकवानपुर

## डँढेलोबाट बचौं र बचाऔं ।

डँढेलो नियन्त्रण तथा रोकथामका उपायहरु

- डँढेलो नियन्त्रण गर्न सबैको सक्रिय भूमिका आवश्यक हुन्छ ।
- जंगलमा आगो बाल्दा सावधानी अपनाउने र पूर्ण रुपमा निभाउने ।
- जनचेतना कार्यक्रम संचालन गर्ने ।
- डँढेलो देखेमा तुरुन्त निकायलाई जानकारी दिने ।
- वन क्षेत्रमा निगरानी बढाउने ।

डिभिजन वन कार्यालय
हेटौंडा, मकवानपुर

